नेपाल एसबिआइ बैंक लि.
NEPAL SBI BANK LTD.
('A' Class Institution Licenced by Nepal Rastra Bank)
CORPORATE OFFICE: KESHARMAHAL, GPO BOX NO. 6049, KATHMANDU, NEPAL
SWIFT : NSBINPKA, website: www.nepalsbi.com.np, e-mail: nsblco@nsbl.com.np

नेपाल एसबिआई बैंक लि.

## प्रेश विज्ञप्ती

मिति: २०७४/०९/१९, बुधबार

### नेपाल एसबिआई बैंकको २४औं वार्षिक साधारणसभा सम्पन्न

### शेयरधनीलाई चुक्ता पूँजीमा १५.४२% वोनश तथा ०.८१% नगद लाभांश वितरण गरिने प्रस्ताव पारित
### सर्वसाधारण शेयरधनीको तर्फबाट संचालकमा श्री बालकृष्ण श्रेष्ठ निर्विरोध निर्वाचित

नेपाल एसबिआई बैंक लि.का शेयरधनीहरुको २४औं वार्षिक साधारणसभा मिति २०७४ पौष १९ गते ( तदनुसार ३ जनवरी २०१८) त्रिभुवन आर्मी अफिसर्स क्लब, भद्रकाली काठमाडौंमा सम्पन्न भयो । उक्त सभाले बैंकको आ.व. २०७३/७४ को संचालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान बाँडफाँड हिसाव लगायतका वार्षिक आर्थिक विवरण पारित गऱ्यो ।

बैंकले आ.व. २०७३/७४ मा रु. २३३.९९ करोड संचालन मुनाफा र रु. रु. १५२.३२ करोड खुद मुनाफा हासिल गरेको छ ।

सभाले बैंकका शेयरधनीहरुलाई चुक्ता पूँजीमा १५.४२ प्रतिशतका दरले वोनश शेयर र ०.८१ प्रतिशतका दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव समेत पारित गरेको छ ।

उक्त साधारणसभाले सर्वसाधारण शेयरधनीको तर्फबाट संचालक समितीमा प्रतिनिधित्व गर्ने संचालकमा श्री बालकृष्ण श्रेष्ठलाई निर्विरोध चयन गरेको छ ।

साधारणसभाले बैंकको सहायक कम्पनी "नेपाल एसबिआई मर्चेण्ट बैकिङ्ग लि." को आ.व. २०७३/०७४ को वित्तीय विवरण सहितको एकीकृत (Consolidated) वित्तीय विवरण समेत स्वीकृत गरेको छ ।

उक्त सधारणसभाले आ.ब. २०७४/७५ को बैंकको लेखापरीक्षण गर्नका लागि मेशर्स टि.आर.उपाध्याय एण्ड कं., चाटर्ड एकाउण्टेन्ट्लाई लेखापरीक्षकमा नियुक्ती एवं निजको पारिश्रमिक निर्धारण गरेको छ ।

साधारण सभाबाट पारित वार्षिक आर्थिक विवरण अनुसारका वित्तीय परिसूचकहरुलाई यसै विज्ञप्तीमा संलग्न गरिएको छ ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

रमेश घिमिरे
कम्पनी सचिव

Phone: 01-4435516, 4435613, Fax: 00977-1-4432431

78606

# नेपाल एसबिआई बैंक लिमिटेड

## संक्षिप्त परिचय

नेपाल एसबिआई बैंक लिमिटेड नेपाल र भारतको संयुक्त लगानीमा भारतीय स्टेट बैंक तथा कर्मचारी संचय कोषको प्रवर्द्धनमा स्थापित बैंक हो ।

बैंकले हाल ८० वटा व्यवशायिक इकाई (३ वटा क्षेत्रीय कार्यालय सहित) र ७४८ जना कर्मचारी मार्फत सेवा प्रदान गर्दै आएको छ । हाल देशका विभिन्न स्थानमा बैंकका १०२ वटा एटिएम रहेका छन् ।

## नेपाल एसबिआई बैंकको कार्यप्रगतिका परिसूचकहरु :

- बैंकको खुद ब्याज आम्दानी रु. २४१.६१ करोडमा २०.७२% ले बृद्धि भई यस बर्ष २९१.६७ करोड पुग्यो ।
- बैंकको संचालन मुनाफामा १३.६३% को बृद्धि हासिल भई रु. २३३.९९ करोड पुग्यो ।
- बैंकले आ.व. २०७३/७४ मा १४.३६% को बृद्धि हासिल गरी मुनाफा रु. १५२.३२ करोड आर्जन गर्न सफल भएको छ ।
- बैंकको कोषको लागत ३.५४% रहेको छ, जुन गत वर्ष २.५५% थियो ।
- बैंकको खर्च आम्दानी अनुपात ३७.९४% रहेको छ, जुन गत वर्ष पनि ३७.९४% थियो ।
- बैंकले अन्य आम्दानीमा २५.६७% को बृद्धि हासिल गरी गत वर्षको रु. ९२.०२ करोड बाट रु. ११५.६४ करोड आर्जन गर्न सफल भएको छ ।
- कर्जा निक्षेप अनुपात (नेपाल राष्ट्र बैंकको निर्देशिकाबमोजिम) ७५% रहेको छ ।
- बैंकको पूँजी पर्याप्तता अनुपात नियमन निकायले तोकेको न्यूनतम ११% को तुलनामा १५.७१% रह्यो ।
- बैंकले आफ्नो सम्पत्तिको गुणस्तरमा उल्लेख्य सुधार गर्दै खूद निष्कृय कर्जा ०.१0% कायम गर्न सफल भयो ।
- बैंकले यस वर्ष ६९,९०५ खुद नयाँ बचत खाता खोल्न सफल भयो ।
- दर्ता भएका निक्षेप खाताहरुको संख्या अघिल्लो वर्षको तुलनामा १३.१३ प्रतिशतले वृद्धि भई ७.०३ लाख पुग्यो ।
- इन्टरनेट बैंकिङ्ग सेवाग्राहीहरुको संख्यामा २५.९१ प्रतिशतले वृद्धि भई ५६ हजार पुग्यो ।
- २०७४ आषढमासान्तसम्ममा ६.२९ लाख कार्ड जारी गरेको छ र कार्ड प्रयोग गर्ने ग्राहकहरुको संख्या ९१ प्रतिशत रहेको छ ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

- साना तथा मझौला(एसएमई) व्यवसाय तर्फ बैंकले रु. २५२.३० करोड कर्जा लगानी गरी वार्षिक ३४.२१ प्रतिशतको वृद्धि हासिल गर्‍यो ।
- बैंकले आर्थिक वर्ष २०७३/७४ को अन्त सम्ममा रु. ८,१६६.४५ करोड कुल निक्षेप संकलन गरी रु. ६,३७५.२१ करोड कर्जा प्रवाह गर्‍यो ।

विगतका २४ वर्षमा क्रमिक एवं दिगो रुपमा हासिल प्रगतिकै फलस्वरुप बैंकिङ्ग उद्योगमा हाल यो स्थान हासिल गर्न बैंक सफल भएको हो । बैंकले आगामी दिनमा व्यवसायका नवीनतम क्षेत्रहरुको पहिचान गरी ग्राहक आधारमा विस्तार गर्दै आफ्ना उत्पादन तथा सेवाको प्रभावकारी वितरणका लागि वितरण प्रणालीमा सुधार गर्ने क्रमलाई जारी राख्ने छ र आफ्ना कर्मचारीहरुको दक्षता अभिबृद्धि गरी अझ उत्कृष्ट ग्राहक सेवा प्रदान गर्दै जानेछ । बैंकका शाखा तथा एटीएमको बहृत सञ्जालले देशका हरेक क्षेत्रमा बस्ने जनसमुदायलाई सेवा पुर्‍याउन बैंकलाई अझ बढी सघाउ पुग्नेछ । बैंकको उक्त बृहत उपस्थितिले ग्राहक आधार विस्तार गरी कम लागतको निक्षेप परिचालन गर्न समेत बैंकलाई सजिलो भएको छ ।

NEPAL SBI BANK LTD. CORPORATE OFFICE KTM.

रमेश घिमिरे

कम्पनी सचिव